Together We Can Achieve
नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्टस्
# Nepal Association of Tour & Travel Agents

Goma Ganesh, Gairidhara, Naxal,
P. O. Box: 362, Kathmandu, Nepal
Tel: 977-1-4419409/4418661
Fax: 977-1-4418684
E-mail: natta@mail.com.np
ceo@natta.org.np
info@natta.org.np
Website: www.natta.org.np

*SWC Affiliation No.: 25285*

मितिः २०७२/१/१६

## नाट्टाको वक्तव्य

यही बैशाख १२ गते मध्यान्ह मुलुकमा आएको अत्यन्तै विध्वंशकारी महाभूकम्पबाट सृजित नेपाली जन जीवन क्षत-विक्षत अवस्था सहँदै ग्रुजन परेको त्रासदीले गर्दा यस घडीमा महाभूकम्पबाट दिवंगत भएका सम्पूर्ण देशवासीहरु प्रति नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) हार्दिक श्रद्धान्जली अर्पण गर्दछ । यस दैवी-प्रकोपमा परेकाहरुको उद्धार र राहतका लागी हामी तमाम पर्यटन व्यवसायी आ-आफ्नो तर्फबाट सक्दो सहयोग पुर्‍याउने प्रण गर्दछौं र अहिलेको यस विपत्तिको बेलामा सबैलाई धैर्यता पूर्वक आ-आफ्नो घर-परिवारको सुरक्षा र स्वास्थ्य प्रति जागरुक रहन हार्दिक अपील गर्दछौं ।

साथै, नेपाल सरकारलाई मुलुकवासीहरु उपर आई परेको यस बिषम परिस्थितिमा उनिहरुको उद्धार, स्वास्थोपचार, पूर्नवास र अन्य अत्यावश्यक सेवा तथा आपूर्तिहरुलाई प्रभावकारी रुपमा परिचालन गर्दै राहत उपलब्ध गराउन हुन अनुरोध गर्दछौं । महाभूकम्पका कारण अनगिन्ति देवालयहरु, ऐतिहासिक सम्पदा क्षेत्रहरु एंव पदयात्रुहरुले हिंडने बाटा घाटाहरु समेत ध्वस्त भएको अवस्थामा मुलुकको पर्यटनलाई नराम्रो धक्का पुग्न गएको यथार्थलाई पनि प्राथमिकतामा राखि पुनः यी सबै संरचनाहरुको यथाशाक्य शिघ्र जिर्णोद्धार गर्ने तर्फ नेपाल सरकारका सम्पूर्ण सम्बन्धित निकायहरुको ध्यानाकर्षण गराउन चाहन्छौ ।

डी.बी. लिम्बू
अध्यक्ष

महोदय,

कृपया उपरोक्त वक्तव्य तपाईको लोकप्रिय संचार माध्यम मार्फत प्रचार प्रसारका लागि अनुरोध गर्दछौं ।

NATTA 1966 Together We Can Achieve

UFTAA
TOURISM COUNCIL OF THAILAND
NATURALLY NEPAL ONCE IS NOT ENOUGH
नेपाल चेम्बर NEPAL CHAMBER